परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १२ ❑ अंक ४१ २०८१ जेष्ठ २० आइतवार Sunday 2, JUN 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

**नेपाल खानेपानी संस्थान**
शाखा कार्यालय, विराटनगर

**सूचना**

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गरार्य दिनु होला ।

**पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।**

## विष्टको हत्यामा संलग्न भएको आरोपमा चार छिमेकी सहित पाँच पक्राउ

विराटनगर, झापाको विर्तामोड नगरपालिका वडा नं. ४ की ६७ बर्षिय विष्णु कुमारी विष्टको हत्यामा संलग्न भएको आरोपमा चार जना छिमेकी सहित पाँच जना पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय भद्रपुरले बिहीबार पत्रकार सम्मेलन गरेर प्रहरीले विष्टको हत्या भएको २२ दिनपछि अपराधमा संलग्न रहेको आरोपमा पाँचै जनालाई सार्वजनिक गरेको थियो ।



पक्राउ पर्नेमा बिर्तामोड-४ का २२ वर्षीय गङ्गाप्रसाद राजवंशी, २३ वर्षीय महेश राजवंशी, २० वर्षीय वर्षा राजवंशी, ३३ वर्षीय ज्याक भन्ने भगीरथ राजवंशी र अर्जुधारा-६ का ४३ वर्षीय धनबहादुर कामीलाई सार्वजनिक गरेको थियो । घटनाका मुख्य योजनाकार गङ्गाप्रसाद सहित चार जना विष्टका छिमेकी रहेको छ भने कामी चोरीको सामान किन्ने पसलका सञ्चालक रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाकारी गराएका थिए ।

पक्राउ परेका कामीको हनुमान सुन पसल भन्ने रहेको छ। महेश घटनाका मतियार रहेको, गङ्गाप्रसादकी पत्नी वर्षा चोरेको सामान लुकाउन सहयोगी भएको र भगीरथ चोरीको सामान बेच्न सहयोगी रहेको प्रहरीले जनाएको छ।

पक्राउ परेकाहरुको साथवाट मृतक विष्टको सुनको चुरा, सिक्री, कानको टप, जन्तर लगायत सुनका सामग्री बरामद गरिएको छ। राजवंशीले ट्युबवेलको छेउमा उक्त सुनका सामग्री माटोमा गाडेको अवस्थामा प्रहरीले भेटेको थियो ।

मृतकको शव भुईँमा रगतमा लटपटिएको र कोल्टे

वांकी अन्तिम पेजमा...

## मोरंगमा जनता समाजवादी पार्टीको तदर्थ समिति गठन

विराटनगर। जनता समाज वादी पार्टी नेपालवाट छुटिएर बनेको जनता समाजवादी पार्टीको मोरंग जिल्ला तदर्थ समिति गठन भएको छ।

जनता समाजवादी पार्टी (जसपा) लाई नेपालको संविधानको धारा २६९ तथा राजनितिक दल सम्वन्धी ऐन २०७३ को दफा ३३ र राजनितिक दल सम्बन्धी नियमावली २०७४ को नियम ५ बमोजिम निर्वाचन आयोगले बैशाख २४ गते दर्ता नं. १९८ को दल दर्ता प्रमाण पत्र दिएको थियो ।

जसपा मोरंग जिल्ला तदर्थ समिति मोहम्मद नसरुलको अध्यक्षतामा ३१ सदस्य कमिटि गठन गरको छ। त्यसैगरी उपाध्यक्षमा सत्य प्रकाश लुनिया, सचिव विकास कुमार मण्डाल, सहसचिव खड्ग राई, अर्जुन कुमार साह, कोषध्यक्ष जानकी सुवेदी, सह कोषाध्यक्ष सलमा खातुन लगायत ३१ सदस्य कार्यसमिति गठन भएको छ।

जनता समाजवादी पार्टी नेपालको अध्यक्ष उपेन्द्र यादवले सामूहिक नेतृत्वको बदलामा एकल नेतृत्वको अभ्यास, पार्टीको सांगठनिक पद्धतिलाई नस्वीकार्ने, पार्टीको आन्तरिक लोकतन्त्रलाई कुण्ठित पार्ने, सह अस्तित्व, सहकार्यको संस्कृतिलाई लत्याउने, सैद्धान्तिक वैचारिक अस्पष्टता, पार्टीको विधि विधान र मार्गदर्शक सिद्धान्त विपरीत अभिव्यक्ति दिने, स्वेच्छाचारी ढंगले पार्टी सञ्चालन गर्ने, पार्टीको महाधिवेशन

वांकी अन्तिम पेजमा...

## तीनवटै सरकार मिलेर खानेपानीको समस्या समाधान गर्नुपर्छ : मन्त्री राई

विराटनगर। संघिय खाने पानी मन्त्री राजेन्द्र कुमार राईले स्थानीय, प्रदेश र संघिय सरकार मिलेर खानेपानीको समस्या समाधान गर्नुपर्ने वताएका छन्।

उक्त कुरा टंकीसिनुवारी खानेपानी तथा सरसफाइ सामुदायिक संस्था बुढीगंगा-३ नेमुवा मोरंगको १३ औं वार्षिक साधारण सभा एवम् संस्थाद्वारा संचालित टंकी सिनसवारी सहलगानी खानेपानी तथा आयोजनाको समुद्घाटन गर्दै वताएका हुन्।

हरेक चीजमा समस्या हुन्छ। दुनियाँमा समस्या विनाको केही हुँदैन र त्यसको समाधान पनि हुन्छ। खानेपानीमा हिमाल, पहाड र तराई सबै ठाउँमा समस्या छ। त्यो समस्यालाई समाधान गर्न तीनै तहको सरकार योजना वनाएर बजेट बनाउनु पर्छ भन्दै शुद्ध पानी पिउन आम नागरिकको अधिकार भएको मन्त्री राईले वताए।

त्यसैगरी सोही समुद्घाटन कार्यक्रमा कोशी प्रदेशका खानेपानी, सिंचाई तथा उर्जा मन्त्री एकराज कार्कीले भने स्वभाविक रुपमा खानेपानीको समस्या छ। शुद्ध खानेपानी मोरंग बुढीगंगा गाउँवासीलाई खुवाउने योजना ल्याएकोमा टंकीसिनुवारी खानेपानी तथा सरसफाइ सामुदायिक संस्था र उभोक्तालाई धन्यवाद दिए। स्थानीय सरकारले भौतिक पुर्वाधारलाई मात्र विकास भएको ठान्छन तर

वांकी अन्तिम पेजमा...

**वनजन्तु तथा चराचुरुङ्गीको संरक्षण सम्बन्धी डिभिजन वन कार्यालय, मोरंङ्गको अत्यन्त जरुरी सूचना**

वनजंगल र वन्यजन्तुहरुको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम स्वीकृति नलिई कुनैपनि वन्यजन्तु तथा चराचुरुङ्गी पाल्नु हुँदैन वन्यजन्तुलाई कुनै तरिकाले लखेट्ने, पक्रने, दुःख दिने, मार्ने वा सो गर्न प्रयत्न गर्ने वा त्यसको शरिरको कुनै अङ्ग झिक्ने वा नष्ट गर्ने वा त्यसको अण्डा, गुँड झिक्ने, नष्ट गर्ने वा खलबल गर्ने एवं आखेटोपहार ओसारपसार वा खरिद बिक्री गर्नु गराउनु दण्डनीय अपराध हो। यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँ देखि दश लाख रुपैयासम्म जरिवाना वा पाँच वर्ष देखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुने कानुनी प्रावधान रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ।

**डिभिजन वन कार्यालय मोरंग**



क्राईम अपरेशन
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## विष्टको...

परेको अवस्थामा भेटिएको थियो । एकल महिला विष्टका जेठा छोराको परिवार अमेरिका र कान्छो छोराको परिवार काठमाडौंमा बस्दै आएका छन् ।

करिब तीन कट्ठा जग्गामा कम्पाउन्ड गरेर एकतले घरमा छोरीको छोरा नातिसँग बस्दै आएकी विष्टको वैशाख २६ गते माता तीर्थ औंसीको दिन हत्या भएको थियो । नाति घर गएको तथा विष्ट घरमा एक्लै भएको अवस्थामा उनी मृत भेटिएकी थिइन् । उनको रड तथा खन्तीले हानेर हत्या गरिएको प्रहरीले सोही समय पुष्टि गरेको थियो ।

घटनाको सिआइबीको टोली, प्रदेश टोली, जिल्ला प्रहरी र इलाका प्रहरी अनारमनीको प्रहरीको टोलीले संयुक्त अनुसन्धान गरेका थिए । सुनको गहना तथा नगद लुट्ने उद्देश्यले ती महिलाको हत्या भएको प्रारम्भिक अनुसन्धान बाट खुलेको प्रहरीले वताए ।

## तीनवटै...

जवसम्म मानविय विकास र जनताको खल्तीमा पैसा हुँदैन तव सम्म विकास सम्भव छैन मन्त्री कार्कीका भनाई थियो ।

सोही अवसरका संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना विराटनगरका प्रमुख सुरतलाल चौधरी लगायत निर्माण कार्यमा सहयोग गर्नेहरुलाई सम्मान गरेका थिए ।

टंकीसिनुवार सह लगानी खानेपानी तथा सरसफाई आयोजना निर्माण्मा नेपाल सरकारको ७० प्रतिशत र उपभोक्ता समितिको ३० प्रतिशतको लगानीमा आयोजना निर्माण भएको छ । आयोजनामा कुल लागत ३० करोड ७८ लाख ४७ हजार १ सय २५. ८१ रुपियाँ लागेकोमा नेपाल सरकारवाट २१ करोड ५४ लाख ९२ हजार ९ सय ८८.०७ रुपियाँ र उपभोक्ता समितिवाट ९ करोड २३ लाख ५४ हजार १ सय ३७.७५ रुपियाँ लगानी भएको छ ।

बहुवर्षे आयोजना अन्तर्गत २०७७ साल जेष्ठ १३ गते काम शरु गरी निर्माण समय थप गर्दै अन्तिम अन्तिम समय २०८१ अषाढ १० रहेकोमा सो अगावै निर्माण कार्य सम्पन्न भएको आयोजन संचालक समितिका उपाध्यक्ष भुवनेश्वर मण्डलले वताए ।

## मोरंगमा...

सञ्चालनमा एकल निर्णय लादने, निरंकुश कार्यशैली, पुराना पार्टीहरुमा विद्यमान विकृति, विसंगति को भद्दा अभ्यास र व्यवहार अंगाल्ने, गुट, उपगुट, परिवारवाद र क्षेत्रीयतावादी संकुचित मानसिकता र व्यवहार प्रदर्शन गर्ने पश्चगामी मनोविज्ञान हावी भएको आरोप लगाउँदै पार्टी विभाजन भएको हो ।

जनता समाजवादी पार्टीको कोशी प्रदेश सभा सदस्य माननीय निर्मला तावा लिम्बुले आफु कोशी प्रदेशको स्वास्थ्य मन्त्री बन्दा सचिवालमा आफ्नो मान्छे राख्न र स्वास्थ्य क्षेत्रमा सरुवा र नियुक्तिमा उपेन्द्र यादवको श्रीमति पार्वती यादवले विभिन्न दवाद दिई मानसिक तनाव दिएको आरोप समेत लगाए ।

जनता समाजवादी पार्टी नेपालको अध्यक्ष उपेन्द्र यादवले महाधिवेशनको मुखमा आएर १ लाख ४० हजार सक्रिया सदस्य बनाएको महाधिवेशनमा देखाई दिने धम्की दिएको, जातिवाद र नातावाद हावी भएकोले छुट्टै पार्टी बनाउनु परेको माननीय लिम्बुले वताए ।

## डुवेर मृत्यु

संखुवासभा । संखुवासभाको पाँचखपन नगरपालिका- ९ स्थित अधेरी खोलामा पौडी खेल्ने क्रममा डुबेर बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीय सुरेन कुमार राईको १३ बर्षीय छोरा सुजल राई रहेका छन् ।

शुक्रवार बेलुका घर नजिकै रहेको अधेरी खोलामा साथीहरुसँग पौडी खेल्ने क्रममा उनको डुबेर मृत्यु भएको हो । घटना स्थलमा इलाका प्रहरी कार्यालय वानाबाट प्रहरी टोली खटिगई मृतक लाशको कानुनि प्रकृया पुरा गरी पोष्टमार्टमको लागि चैनपुर अस्पताल पठाएको छ भने घटना सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

## दुर्व्यवसन विरुद्ध अभिभावकलाई सचेचना

**भोजराज घिमिरे**

विराटनगर, जेष्ठ १९ गते । समुदायिक सेवा केन्द्र तिनपैनी र सामुदायिक जनसेवा मञ्च निपैनीको आयोजनामा दुर्व्यसन विरुद्ध अभिभावक सचेतना मुलक कार्यक्रम सम्पन्न भएको छ ।

सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सम्पन्न उक्त कार्यक्रममा लागु औषध भनेको के हो, व्यक्ति, समाज, राष्ट्र तथा परिवारमा यसले के कस्तो प्रभाव पार्दछ, लागु औषध मानिसहरूले के कारणले गर्दा सेवन गर्न बाध्य हुन्छ, सेवनकर्ताहरुमा लागु औषधको सेवन पश्चात् के कस्ता लक्षणहरू देखा पर्दछन्, यसको कुलतमा फसेकाहरू लाई कसरी सुधार गर्ने सकिन्छ लगायतको विषयमा जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी नायव उपरीक्षक वेद प्रकाश जोशीले सहजीकरण गरेका थिए ।

दुर्व्यसन विरुद्ध अभिभाव कार्यक्रमका प्रमुख अथिति कोशी प्रदेश प्रहरी कार्यलयका प्रमुख नायब महानिरीक्षक चन्द्र कुवर खापुङ, विशिष्ट अथिति जिल्ला प्रहरी कार्यल मोरङका प्रमुख प्रहरी उपरीक्षक नबराज कार्की, अथितिहरु ट्राफिक प्रहरी कार्यलय मोरङका प्रमुख प्रहरी निरीक्षक सुमन न्यौपाने, बिराटनगर महानगरपालिकाकी अधिकृत सुनिता पौडेल आधर्श माध्यमिक विद्यालयका सह-प्राध्यापक भगीरथ पोखेल लगायतको उपस्थिति थियो ।

स्वागत मन्तव्य सामुदायिक प्रहरी सेवा केन्द्र उपाध्यक्ष पुर्व प्रहरी उपरीक्षक विद्यानन्द माझीले दिनु भएको थियो । कार्यक्रम सञ्चालन सामुदायिक प्रहरी सेवा केन्द्रका सचिब भोजराज र प्रहरी हल्दार तुलसा खडका गर्नु भएको थियो ।

विराटनगर महानगर पालिकाको सहयोगमा भएको कार्यक्रमा विद्यार्थी, शिक्षक, अभिभावक र सामुदायिक प्रहरी सेवा केन्दका सदस्हरुको उल्लेख्य उपस्थिति रहेको थियो । उक्त कार्यक्रम सामुदायिक प्रहरी सेवा केन्द्र मोरंगका अध्यक्ष मिना जोशीको अध्यक्षतामा सम्पन्न भएको थियो ।


## बालबालिकाप्रति असल व्यवहार गरौं

- बालबालिकालाई प्रयाप्त समय दिऔं, उनीहरूको कुरा ध्यान दिएर सुनौं,
- उनीहरूको सोच र व्यवहार सकारात्मक बनाऔं,
- बालबालिकालाई स्नेह र माया गरौं,
- उनीहरूलाइ आत्मनिर्भरताको बाटो देखाऔं,
- बालबालिकाको गतिविधीका बारेमा जानकार बनौं,
- उनीहरूको अभिभावकप्रतिको आशा र विश्वासलाई कायम राखौं,
- बालबालिकालाई समाजिक तथा पारिवारिक निर्णयमा सहभागी गराऔं,
- परिवारको सदस्य बीच मिठो र मधुर बोलौं,
- बाल मस्तिष्कमा सकारात्म प्रभाव पारौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड



## पानीजन्य रोग र सरसफाइको कमजोरअवस्थाबाट बच्न निम्न क्रियाकलाप अवलम्बन गर्न हार्दिक अनुरोध गर्दछौं ।

- सुरक्षित पानी विऊ यदि सुरक्षित नलागेमा पानी शुद्धीकरणका घरेलु विधि : उमाल्ने, क्लोरिन गर्ने, फिल्टरिङ गर्ने आदि विधि प्रयोग गरी मात्र पानी पिऊ ।
- चर्पीको नियमित प्रयोग गरौ, गराऔं र चर्मी नियमित सफा राखौं ।
- ताजा, सफा र राम्ररी पकाएरका खानेकुरा खाऔं ।
- दिसा गएपछि, बच्चाको दिसा घोएपछि खाना पकाउनु खानु अगाडि र खाना खाएपछि फोहोर छोएपछि साबुन पानीले हात धौऔं एवं धुन लगाऔं ।
- खोक्दा, हाछ्यू गर्दा कुहिनाले वा टिस्यु पेपरले नाक, मुख छोपौं, आवश्यक रुपमा नाक मुख, आँखा वा अनुहारलार्य हातले नछौऔ ।
- कुहिने तथा नकुहिने फोहोरलाई बर्गीकरण गरी उचित रुपमा व्यवस्थापन गरौं । घर वरपर जथाभावी पानी र फोह्रोर जम्न नदिऔं । खाने पानीका स्रोत पोखरी, ताल, तलैया, नदी, समुदायिक वातावरण सफा राखौं ।

खानेपानी तथा ढल व्यवस्थापन विभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना
विराटनगर, मोरंग, कोशी प्रदेश



## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं ।
- सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।



## खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

### दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु



- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।

नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### बजेटमा सत्तापक्षकै असन्तुष्टी

नेपाल सरकारले प्रत्येक आर्थिक वर्षको जेष्ठ महिनाको १५ गते भित्र बजेट प्रस्तुत गर्ने गर्दछ। साही क्रमलाई जारी राख्दै आर्थिक वर्ष २०८१/०८२ को लागि नेपाल सरकारको अर्थमन्त्रीले बजेट प्रस्तु गरेका छन्। नेपाल सरकारले आर्थिक वर्ष २०८१/०८२ को लागि १८ खर्ब ६० अर्ब ३० करोडको बजेट गत मंगलावार प्रस्तुत गरेका थिए। उक्त बजेट जुटाउन अनुमानित राजस्व संकलनवाट १२ खर्ब ६० अर्ब ३० करोड, वैदेशिक अदुदानवाट ५२ अर्ब ३३ करोड, वैदेशिक ऋणबाट २ खर्ब १७ अर्ब ६७ करोड र आन्तरिक ऋणबाट ३ खर्ब ३० अर्ब लिएर लक्ष्य पुरा गर्ने भएको छ। बजेट आम्दानीको अनमान भन्दा ६ खर्बले बढी छ। घाटा बजेट ऋण र अनुदानवाट पर्ति गर्ने अर्थ मन्त्रीले बजेटमा उल्लेख गरेको छ।

गठवन्धन सरकारका अर्थमन्त्रीले ल्याएको बजेट प्रति सत्ता पक्षका नेकपा ऐमाले नै असन्तुष्ट देखिएको छ। ऐमालेले आफ्नो सांसदहरुले विरोध र समर्थन समेत गर्न निर्देशन दिएको छ। त्यसैगरी निजी क्षेत्रका उद्योगी व्यपारीहरुले अगामी बजेटले केही राहत दिनछ भनी सोचेका थिए। तर त्यस्तो बजेट नआएकोले उद्योगी व्यवसायी पनि असन्तुष्ट देखिएको छ। बजेटले खासै कुनै नयां कार्यक्रम ल्याएका छैन। अर्थमन्त्रीले परानै ढर्राका बजेट ल्याएकोले बजेट प्रति आम उद्योगी व्यवासयी, नागरिक संतुष्ट देखिएको छैन।

बजेट जे जस्तो आएपनि त्यसको कार्यान्वयपक्ष राम्रो हुनुपर्छ। विगतका वर्षहरुमा बजेटमा ल्याएको रकम समेत सरकारले खर्च गर्न नसकेर असफल देखिएको छ। त्यसैले आएको बजेट लाई जनता मुखी, व्यवसायी मुखी, विकास मुखी कसरी बनाउन सकिन्छ। त्यस तर्फ सत्तापक्ष र विपक्षी दुवै मिलेर बजेट कार्यन्वयनमा ध्यान दिनु जरुरी छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# भारतमा महँगो लोकसभा चुनावको सम्भावित नतिजा

**श्रवन शर्मा**

भारतको प्रतिनिधिसभा ( लोकसभा) का ५४३ पदका लागि प्रत्यक्ष निर्वाचन भइरहेको छ। भारतको चुनावी इतिहासमा यो चुनाव अपेक्षाकृत शान्त भन्न सकिन्छ। प्राध्यापकद्वय उर्सुला ड्याक्सेसर र हान्ने फिल्डेले गरेको चुनावी हिंसाको अध्ययन अनुसार मतदाताले चुनावी हिंसालाई दलीय दृष्टिकोणबाट हेर्ने गरेको पाइएको छ।

एनडीए वा इन्डिया दुवै गठबन्धनले चुनाव जित्ने दाबी गरिरहेका छन्। बीजेपीले 'अब की बार ४०० पार' भनेको छ र राहुल गान्धीले बीजेपीले १५० सिट पनि जित्न सक्दैन, आफूहरूले बहुमत ल्याउने भनिरहेका छन्। तर, भर्खरै युरेसिया अनुसन्धान ग्रुपका अमेरिकन राजनीतिशास्त्री इयान ब्रेमेरले बीजेपी एक्लैले ३०५ सिट जित्ने घोषणा गरेका छन्। यसलाई भारतीय सेफोलोजीको बजारमा हट केक मानिएको छ।

राजनीतिमा 'पोजिसन', 'वान्ट्स' र 'निड' को मनोवैज्ञानिक गतिशीलता हुन्छ। पोजिसन भनेको राज नीतिमा देखाइने उच्चतम अभिलाषा वा नेगोसिएसन ठूलो माग हो, जसमा नेताहरू अडिग देखाउन चाहन्छन्। वास्तवमा अडिग हुँदैनन्।

वान्ट्स, दल वा नेताको चाहना हो, त्यसप्रति उनीहरू आशातित रहन्छन् तर के बुझ्छन् भने सबै चाहना पूरा हुँदैनन्। निड भनेको उनीहरूको आवश्यकता हो। यही निड प्राप्त गर्न पोजिसन र चाहनाको लेनदेन अर्थात् बार्गेनिड टुल्स प्रयोग गर्दछन्। आवश्यकता पूर्ति गर्न यसो गरिने हो।

भारतको चुनावमा पनि यही सूत्र प्रयोग गरिएको छ। बीजेपीले 'अब की बार ४०० पार' भन्नुको तात्पर्य आम जनतामा आफ्नो क्षमता वा पोजिसन देखाउनु, प्रतिपक्षीलाई चुनाव अघि नै हतोत्साही गराउनु हो। उसको खास चाहना भने २०१९ को चुनावमा प्राप्त सिट यसपालि पनि सुरक्षित गर्नु रहेको बुझ्न कठिन छैन।

उसको न्यूनतम खोजी सरकार बनाउन पुग्ने २७२ सिट हो। अर्कातिर इन्डिया गठबन्धनको पोजिसन बीजेपी पराजित गर्नु, दक्षिण भारतका लोकसभा सिटहरूमा बीजेपी लाई रोक्नु र वास्तविक आवश्यकता एक बलियो प्रतिपक्षी दल बन्नु हो।

एक अर्ब ४१ करोड जनसङ्ख्या, ९६ करोड ९० लाख मतदाता, राष्ट्रिय दल ६, प्रदेशस्तरीय वा क्षेत्रीय दल ५७, मान्यता प्राप्त नगरेका २ हजार ७६४ गरी २ हजार ८२७ राजनीतिक दलहरू रहेको देशको यो चुनावमा ८ हजार ३६० उम्मेद्वार मात्रै मैदानमा छन्।

९०० टिभी च्यानल, एकलाख बराबरी पत्रपत्रिका, लाखौं चुनावी सेफोलोजिस्ट, सयौं ज्योतिष, राजनीति शास्त्रका महापण्डित, वरिष्ठ पत्रकार आ-आफ्ना चुनावी आकलन प्रस्तुत गरिरहेका छन्। यस्ता आकलनका अन्तरवस्तुहरूमा मतदाता मनोविज्ञान, अर्थतन्त्र, विकास, क्षेत्रीयतावाद, धर्म, दलीय संगठन, संस्कृति, भाषा, लोकतान्त्रिक आचरण र प्रवृत्ति अनि सरकार र विपक्षीका राजनीतिक तथा प्रशासनिक कार्यदक्षताहरू हुने गरेका छन्।

यस चुनावले संसारका मिडिया र सरकारहरूको समेत ध्यानाकर्षण गराएको छ। भारतको जनसंख्या, बढ्दै गएको क्रयशक्ति, अन्तर्राष्ट्रिय मञ्चहरूमा भारतको महत्व आदिले गर्दा विश्वको ध्यान आकर्षित भएको हो।

सीमा विवादका बाबजुद भारत चीनको व्यापारिक साझेदारी बढिरहेको छ। ग्लोबल टाइम्सका अनुसार २०२३ मा भारत-चीन व्यापार अमेरिकी डलर १३६.२२ बिलियन थियो। भारतीय न्यूज च्यानलहरू का अनुसार चीनको ग्लोबल टाइम्सले एनडीए गठबन्धन ले ४३० सिट जित्ने आकलन गरेको भन्ने समाचारलाई प्राथमिकताका साथ प्रसारण गरेका छन्।

चुनावी राजनीति र रणनीतिको सन्दर्भमा प्रसिद्ध अखबार द इकोनोमिस्ट भन्छ, भारतमा हिन्दु राष्ट्रवादी लोकप्रियता प्रमाणित भइरहेको छ। कर्नाटकाबाट प्रकाशित डकान हेराल्डले लेखेको छ- 'बीजेपी ३७० सिट जित्न सक्छ र यो जित श्यामाप्रसाद मुखर्जीलाई सत्य श्रद्धाञ्जली हुनेछ।'

धर्मका साथै भारतको चुनावको मुद्दा अर्थतन्त्रलाई मानिएको छ। बीजेपीले बृहत् अर्थव्यवस्थामा जोड दिएको छ। उसले कर, राजस्व, ठूला पूर्वाधार, वैश्विक व्यापार र भारतको अन्तर्राष्ट्रिय राजनीतिमा प्रभावका साथै भारतको सांस्कृतिक साझा पहिचानमा जोड दिएको छ।

उसको प्रतिस्पर्धी इन्डिया गठबन्धनले रोजगारी, आपूर्ति, उत्पादन मूल्य, माग र आपूर्ति बीचको समरूपता, उत्पादनको सैद्धान्तिक मान्यता, श्रममूल्य र श्रमनीति जस्ता कुरामा जोड दिएको छ।

**कति महँगो छ भारतीय लोकसभा ?**

न्युयोर्क टाइम्सका अनुसार चुनावमा १० खर्ब भारु (नेपाली १६ खर्ब नेपालको एक वर्षको बजेट) खर्च हुनेछ। सरकारी खर्चका अतिरिक्त राजनीतिक दलहरूले पनि चुनावमा भरमार पैसा खर्च गर्नेछन्। सन् २०१९ को चुनावमा भारतका राजनीतिक दलहरूले ७ अर्ब अमेरिकी डलर खर्च गरेका थिए भने यो साल सो रकमको डबल खर्च हुने अखबारहरूको अनुमान छ।

आश्चर्यचकित भारतीय चुनाव भन्दै न्युयोर्क टाइम्समा भनिएको छ- मोदीको बीजेपी शक्तिमा फर्कनेछ, मोदीले सबैलाई चित्त बुझाउन कुनै न कुनै फण्डा ल्याउँछन्। बीजेपीसँग चुनावी संयन्त्र, पैसा र प्रभाव क्षेत्र पनि छ। विरोधमा होस् वा समर्थनमा लगभग ७० प्रतिशत मिडिया कभरेज मोदीको नाममा भइरहेका छन्। रोयटर र जर्मनीको डीडब्लुले पनि विश्लेषकहरूको हवाला दिंदै बीजेपीको भारी जित हुनसक्ने बताएका छन्।

भारतको चुनावका विश्लेषकहरू या त मोदी नेतृत्वको गठबन्धन वा इन्डिया गठबन्धनप्रति धेरै भावुक छन् कि स्वतन्त्र विश्लेषकहरू असम्भव जस्तो लाग्छ। टेलिभि जन एङ्कर र पत्रकारहरू नै खुल्लमखुला दलहरूको प्रचार गर्न कुनै धक मान्दैनन्। मूलधारका राष्ट्रिय सञ्चार संयन्त्रभन्दा फेसबुक पोस्ट, ट्वीटहरू बढी वास्तविक लाग्छन्।

यो लेख्ने क्रममा मैले दुई जना स्वतन्त्र विश्लेषकहरू प्रशान्त किशोर र योगेन्द्र यादवलाई निरन्तर फलो गरिरहेको छु। प्रशान्त किशोरका भनाइमा क्रमशः परिवर्तन आइरहेका छन् र आजसम्म आउँदा उनी बीजेपीले २०१९ को तुलनामा केही सिट बढाउन सक्ने अनुमान गर्छन्।

चुनावको आकर्षण

जनसंख्या नै भारतीय चुनावको ठूलो आकर्षण हो। भारतको जनसंख्यासँग तुलना गर्ने हो भने २६ लाख ९ हजार ५७६ नागरिकका लागि संसद्को एक सिट पर्दछ। उत्तरप्रदेशमा लोकसभाका एक सदस्यले ३० लाख १३ हजार ३३५ नागरिकको प्रतिनिधित्व गर्दछ। आन्ध्रप्रदेशको मलकाजगिरि निर्वाचन क्षेत्रमा ३७ लाख ४० हजार मतदाता छन्। यो संख्या नेपालको मधेश प्रदेशको मतदाता संख्या बराबर हुन आउँछ।

इन्डिया गठबन्धन पक्षीय विश्लेषकहरू भारतमा लोकतन्त्र र लोकतान्त्रिक मान्यता र अवधारणा खण्डित हुँदै गएको, राज्यको निष्पक्षता र चुनावी स्वायत्ततामा अंकुश लागेको, समाजलाई सांस्कृतिक वैचारिकीका आधारमा ध्रुवीकरण गरिएको र समाजबीच अन्तरनिहित मानवीय सम्बन्धहरूलाई हिन्दु-मुस्लिम सम्बन्धमा विभाजन गरी धार्मिक वैमनस्यको बीजारोपित अवस्थालाई मौलाउने मौका प्रदान गरिएको आरोप लगाइरहेका छन्।

बीजेपी पक्षीयहरू भारत वर्षका सनातन सांस्कृतिक वैचारिकी, सनातनी इतिहास, मुगल र बेलायती उपनिवेशका गलत अभ्यास बदली भारतीय पहिचान स्थापना गर्ने रणनीतिमा बहस गरिरहेका छन्। अमेरिकी वैज्ञानिकहरूले २ हजार ७०० मानिसको जेनोम अध्ययनको निष्कर्ष निकाल्दै भारतमा ५० हजार वर्षदेखि मानव सभ्यता निरन्तर छ भनेको छ। यसले बीजेपीले भन्ने गरेको भारतीय स्वाधीन विश्व दृष्टिकोण र ज्ञान परम्परालाई पुष्टि गरेको छ।

चुनावी रणनीति, चुनावी घोषणापत्र, नेताहरूका अभिव्यक्तिलाई गम्भीरतापूर्वक अध्ययन गर्ने हो भने बीजेपी भारतीय समाजमा हिन्दु मुस्लिम मत ध्रुवीकरण

वांकी ५ पेजमा...

क्राईम अपरेशन

# आर्थिक वर्ष २०८१-०८२ को आर्थिक नीति प्रति मोरङ उद्योग व्यपार संघको धारण

आ.व. २०८१-०८२ का लागि हालै नेपाल सरकार, अर्थ मन्त्रालयद्वारा सार्वजनिक गरिएको आर्थिक नीति मार्फत माननीय अर्थ मन्त्रीज्यूले मुलुकको शिथिल अर्थतन्त्र उकास्न नयाँ नीति र कार्यक्रमहरुको घोषणा गर्नु भएको छ। यस अन्तरगत अर्थ मन्त्रीले आगामी वर्षमा कृषिलाई प्रोत्साहन गर्न कृषि दशक, महिला उद्यमीलाई प्रोत्साहन गर्न महिला वर्ष, १६ लाख पर्यटक भित्र्याउने लक्ष्य सहित विभिन्न योजनामा रकम विनियोजन एवं जनकपुरलाई वेडिङ हब, लुम्बीनीलाई बर्थ हब, ४५०० मेगावाट जलविद्युत क्षमता वृद्धि गर्ने नयाँ योजना निर्माण, सूचना प्रविधिलाई जोड र निर्यातको सम्भावनाका नीतिहरु अवलम्बन गर्ने जस्तो व्यवस्थाहरु घोषणा गर्नु भएको छ जुन सबै दिर्घकालिन व्यवस्था हुन्। यदपी, समयमै नीतिगत कार्यहरु भए मात्र अर्थतन्त्रमा सकारात्मक असर पर्ने हामीले महसूस गरेका छौं।

तथापी, विद्यमान अवस्थाकै सुधार नगरिए राजस्व संकलनको लक्ष्य कसरी पुरा हुन सक्छ ? लक्षित राजस्व संकलन नभए पुँजीगत खर्च कसरी हुन्छ ? पुँजीगत खर्च नभए देशको अर्थतन्त्र कसरी चलायमान हुन्छ ? सरकारले राजस्व संकलन चलायमान उद्योग/व्यवसाय क्षेत्रबाटै गर्ने हो। तर यस आर्थिक नीतिले हाल आधाहप्ता चल्ने गरेका उद्योग/व्यवसायलाई पूर्ण क्षमतामा संचालन गर्नुको सट्टा झन अफ्ठयारोमा पारेको अनुभूति भई रहेको छ। अर्थमन्त्रीज्यूले बजेट भाषणमा उत्पादकत्व बढाउने, उद्योग मन्त्री नीतिको तर्जुमा गर्न नयाँ उद्योगको स्थापना, रोजगारीको अवसर दिने घोषणा गर्नु भएता पनि त्यसमा हाल संचालनमा रहेका उद्योग/ व्यवसायहरुलाई नयाँ समस्या उत्पन्न गरेको देखिन्छ। विशेषगरी, उद्योग/व्यवसाय क्षेत्रतर्फ सो नीतिले ल्याएका व्यवस्थाहरु मध्ये मुलुकको आत्मनिर्भता एवं स्वदेशी उत्पादनको संरक्षणार्थ निम्न केहि व्यवस्थाहरु सुधार गर्नु पर्ने देखिन्छ।

१.स्पन्जआइरनमाकम्तिमा एक तहको भन्सार महशुल फरक गर्नु पर्ने :

नेपाल सरकारद्वारा हालै सार्वजनिक गरिएको आ.व. २०८१/०८२ को आर्थिक नीतिले विगतको व्यवस्था उल्ट्याउँदै विलेटको कच्चापदार्थको भन्सार महशुल अभिवृद्धि गरेकोमा त्यसबाट विलेट उत्पादनको सट्टा विलेट आयातलाई प्रोत्साहित गरेको तथा त्तसम्बन्धी स्वदेशी उद्योगहरु धरापमा पुग्न गएको अवस्था छ। यस आर्थिक नीतिका कारण मुलुकको अर्बौंको लगानी ( करिब ३८-४० अर्ब) जोखिममा पर्ने, विद्यूतको स्वदेशी खपत (करिब ३५०-४०० मेघावाट) घट्ने, हजारौंको रोजगारी गुम्ने जस्ता समस्याहरु निम्तिन सक्ने जोखिम रहेकाले आर्थिक नीतिको मूल मर्म अनुरुप विलेटको कच्चापदार्थ र तैयारी वस्तुको भन्सार महशुल दरमा कम्तिमा एक तहको फरक गरी स्वदेशीउत्पादनको संरक्षण एवं सवर्द्धनमा ध्यानदिनु पर्ने देखिन्छ।

२. खाद्यान्न/दैनिक उपभोग्य वस्तुको कच्चा पदार्थमा लाग्ने शुल्क (अग्रीम आयकर) खारेज गर्नु पर्ने :

उद्योगहरुको कच्चापदार्थका रुपमा रहेका धान, गहुँ, मकै लगायतमा २.५ प्रतिशत अग्रिम आयकर लाग्ने व्यवस्थाले मुलुकमा खाद्यान्न तथा अत्यावश्यकीय दैनिक उपभोग्य वस्तुहरुको मूल्य महंगीनुका साथै स्वदेशी उद्योगहरु धरापमा पर्ने, मुलुकको स्वच्छ व्यापार हतोत्साहित हुने, खुल्ला सीमा नाकाबाट तस्करी मौलाउने तथा मुलुकको राजस्व संकलनमा ह्रास आउने जोखिम बढेकोले त्यस व्यवस्थालाई खारेज गर्नु पर्ने देखिन्छ।

३. चामलउद्योगहरुको संरक्षण गरिनु पर्ने :

त्यस्तै, धानको आयातमा ५ प्रतिशत कृषि सुधार शुल्क र २.५ प्रतिशत अग्रिम आयकर निर्धारण गरिनाले धान आयात गर्दा करिब ११.५४प्रतिशत सम्मको शुल्कलाग्ने अनुभूति भई रहेको छ जबकी चामलको आयातमा हालको अग्रीम आयकर २.५ प्रतिशतका अलावा १० प्रतिशत कृषि सुधार शुल्क लाग्ने नै गरेको छ। यस प्रकारको व्यवस्थाबाट धान र चामलको आयातमा धानकै महशुल उच्च हुन गई धानको आयात गर्नुको सट्टा चामलकै आयातलाई प्रोत्साहन गरिएको तथा स्वदेशी चामल उद्योगहरु धरापमा पर्न गएको अवस्था छ। अत : स्वदेशी चामल उद्योगहरुको संरक्षणार्थ धानमा आत्मघाती अग्रीम आयकरको व्यवस्था तत्कालै खारेज गर्नु पर्ने देखिन्छ।

४. गोटा दाल (कच्चा पदार्थको आयात सहज गरिनु पर्ने :

त्यस्तै, अत्यावश्यकीय दैनिक उपभोग्य वस्तु, दालको आयातमा भन्सार १० प्रतिशत तथा अग्रीम आयकर १० प्रतिशत गरिनाले दालको आयात गर्दा कुल २० प्रतिशत महशुल सरह रकम भुक्तानी गर्नु पर्ने देखिएको छ। भारतमा दालको भन्सार महशुलशुन्य (०)५ रहेकोमा हालको आर्थिक नीतिको यस प्रकारको व्यवस्थाले मुलुकमा अवैध कारोबार एवं चोरी पैठारी मौलाउने तथा राजस्व संकलनमा ह्रास आउने सम्भावना रहेकाले दाल उद्योगहरुको कच्चा पदार्थको रुपमा रहेका `गोटा दालको आयातमा भन्सार महशुल ५ प्रतिशत कायम र अग्रीम आयकर खारेज गर्नु पर्ने देखिन्छ।

५. मटरको आयात सुचारु गर्नु पर्ने:

विगतमा मुलुकको विदेशी मुद्रा संचितिमा ह्रास आउँदा त्यसको नियन्त्रणार्थ सरकारले कतिपय वस्तुहरु सहित मटरको आयातमा समेत बन्देज लगाएकोमा हाल मुलुकको विदेशी मुद्रा संचिति सन्तुलित रहेकाले दैनिक उपभोग्य वस्तु, मटरको आयात सुचारु गर्नु पर्ने देखिन्छ।

६. मालवाहक सवारी साधनहरुम ।अतिरिक्त कर/शुल्क असुल्न नहुने :

भन्सार विन्दुमा प्रत्येक मालवाहक सवारी साधनहरु बाट रु. १,५००।- रकम कर/शुल्क स्वरुप असुल उपर गर्ने व्यवस्था गरिएकोमा त्यसबाट आयातित वस्तुहरुको मुल्य महंगीने तथा उत्पादन मुलक उद्योगहरुको लागत खर्च बृद्धि हुने देखिएकोले आर्थिक नीतिको मूल उद्देश्य (स्वदेशी उद्योगहरुको संरक्षण, लागत खर्च न्यूनिकरण, मुलुकको उत्पादकत्व अभिवृद्धि एवं उद्योग मैत्री नीतिको निर्माणमा केन्द्रित रही त्यस प्रकारका अतिरिक्त कर/शुल्कहरु तत्कालै खारेज गर्नु पर्ने देखिन्छ।

७. कोशी प्रदेशमा औद्योगिक ग्राम र औद्योगिक प्रदर्शनी स्थलका लागि बजेट विनियोजन :

कोशी प्रदेशलाई औद्योगिक प्रदेशको रुपमा विकास गर्ने सम्बोधन गरिए तापनि त्यस सम्बन्धी कुनै पनि पूर्वाधारका लागि कुनै प्रकारका बजेट विनियोजन नगरिएको हुँदा कोशी प्रदेशको औद्योगिकरणका लागि हाल कम्तिमा अतिआवश्यक देखिएका औद्योगिक ग्राम र औद्योगिक प्रदर्शनीस्थलको निर्माणका लागि तत्कालै बजेट विनियोजन गर्नु पर्ने देखिन्छ।

समग्रमा, यस आर्थिक नीतिले उद्योग क्रान्ति ल्याउनु भन्दाहाल संचालनमा रहेका उद्योगहरु बन्द हुने, आयात बढ्नुका साथै तस्करी मौलाउने, देशलाई राज्यको राजस्व संकलन अवैध कारोवारमा संलग्न व्यक्तिहरुको हात पर्ने जस्ता अनपेक्षित वातावरण श्रृजना हुने देखिन्छ। अत: स्वदेशी किसान, व्यवसायी, उपभोक्ता र सरकार, कुनै पनि वर्गलाई फाईदा जनकन हुने र अवैधानिक कारोबारहरुलाई सहयोग हुने देखिएको त्यस प्रकारको व्यवस्थाहरुलाई तत्कालै खारेज गरी पूर्ववत व्यवस्था नै कायम राख्नु पर्ने उचित देखिन्छ।

| करका प्रकार | चामल | धान | कैफियत |
|---|---|---|---|
| कृषि सुधार शुल्क | 9% | 5% | |
| अग्रिमआयकर | 2.5% | 2.5% | |
| कुल | 11.5% | 7.5% | |
| तैयार हुँदा सम्मको महशुल | 11.5% | 11.54% | (३५ प्रतिशतजति घटाउँदा) |




## स्वास्थ्य

# गर्मीमा स्वस्थ रहन अपनाउनुपर्ने उपाय

अहिले देशभर मौसम परिवर्तनसँगै गर्मी बढेको छ। अत्यधिक तापक्रम, धुलो, धुँवा र प्रदूषित वातावरणको कारण गर्मीयाममा स्वास्थ्यमा नकरात्मक असर पर्ने गर्छ। गर्मी बढेसँगै अहिले खासगरी छालासँग सम्बन्धित समस्या हरु, भाइरल ज्वरो, रुघाखोकी, टाइफाइड ज्वरो, पेट दुख्ने, झाडापखाला, बान्ता हुने, फुड पोइजन जस्ता स्वास्थ्य समस्या बढेका छन्। प्राय:जसो यस्ता समस्याहरु अस्वस्थ्यकर खानपान र बानीव्यहोराका कारण हुनेगर्छ। कहिलेकाहीँ सामान्य जस्तो लागेर बेवास्ता गर्दा यस्ता समस्याले ज्यानै खतरामा पुऱ्याउन सक्छ। यी समस्याबाट बच्न निम्न सावधानी अपनाउनु जरुरी देखिन्छ।

१. हाइड्रेसन मेन्टेन अनिवार्य

उमालेर सेलाएको शुद्ध पानी प्रशस्त पिउनुहोस्। कोल्ड ड्रिक्सलाई सकेसम्म त्याग्नुस्। यसले शरीरमा झनै डिहाइड्रेसन गराउँछ। घरमा, काममा वा अफिसमा पानी पिउन कन्जुस्याइ नगर्नुहोस्। लस्सी, मही तथा सन्तुलित सर्वत पानी पिउनु पनि उपयोगी हुन्छ तर स्वास्थ्यकर हुनुपऱ्यो।

२. जंक फुड त्याग्नुस्

जंक फुड प्राय: सबै मौसममा हानिकारक नै हुन्छ। झन् गर्मीमा जंक फुडत टाइफाइड ज्वरो, पेट दुख्ने, झाडापखाला, बान्ता हुने, फुड पोइजन जस्ता मौसमी सरुवा रोगको प्रमुख कारण नै हो। खानेकुराको सवालमा कुरा गर्दा खाना स्वास्थ्यकर, सफा र यसको भण्डारण पनि स्वस्थकर ढंगबाट भएको हुनुपर्छ। रोगी, बालबालिका र वृद्धहरुको रोगप्रतिरक्षा शक्ति कमी हुने भएकोले यस्ता खानाको प्रयोगले तिनीहरु झनै पीडित हुन्छन्।

३. स्किन केयर गर्नुस्

उच्च वातावरणीय ताप र घामबाट बच्न छाताको प्रयोगसँगै हातखुट्टा ढाक्नेगरी कटनको खासगरी सेतो रङ्गको कपडा प्रयोग गर्नुहोस्। बाहिर हिँडडुल गर्दा सन ग्लास प्रयोग गर्नुस्। चिकित्सकको सल्लाह अनुसार एन्टी सन प्रोटेक्सन क्रिमको प्रयोग गर्नुहोस्। याद गर्नुस्, बजार, फार्मेसी वा व्युटी पार्लरमा पाइने यस्ता क्रिम विना स्किन टेस्ट प्रयोग गर्नु हुँदैन। किनभने यस्ता क्रिमले छालामा एलर्जिक रिएक्सन गरी कुरुप पनि बनाउन सक्छन्।

४. स्वास्थ्यकर खानेकुरा खानुहोस्

सिजनेवल सागसब्जी, प्रशस्त फलफूल र झोलिलो खानेकुरा खानेकुरा खानुहोस्। चुरोट र मदिरा सेवनकर्ताको ज्यान गर्मीमा झनै जोखिममा हुन्छ।

५. घर तथा वातावरणीय सरसफाइ अनियार्य

अहिले देशैभरि डेंगु ज्वरोको प्रकोप बढेको अवस्था छ। घर वरिपरि सफा गर्न आवश्यक छ। लामखुट्टे र सर्पको टोकाइबाट बच्न वातावरण सफाइ गर्नुपर्छ। डेंगु गराउने लामखुट्टेले दिउँसो टोक्ने हुनाले लामखुट्टेको टोकाइबाट सधैं बच्नुपर्छ। साथै घरभित्र पानी जम्न दिनु हुँदैन।

हार्दिक अनुरोध

- सार्वजनिक स्थानमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थानमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लागि आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय
मोरंग, कोशी प्रदेश

# प्रहरीलाई चार थान टेम्पु हस्तान्तरण



विराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरलाई शान्ति सुरक्षाको निम्ति परिचालन गर्न अटो सिटि बजाज सोरुम इटहरी सुनसरीका संचालक प्रदिप कुमार सन्थालियाले ४ थान बिद्युतिय टेम्पो प्रदान गर्नु भएको छ । आज दिउँसो नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यबस्थापन कार्यालय ईटहरी सुनसरीमा आयोजित एक कार्यक्रमका बिच कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक चन्द्र कुबेर खापुङलाई सन्थालियाले ४ थान बिद्युतिय टेम्पो हस्तान्तरण गर्नु भएको थियो ।

कार्यक्रममा प्रदेश प्रहरी प्रमुख खापुङले कोशी प्रदेश प्रहरी कार्यालयलाई प्राप्त भएको उक्त बिद्युतिय टेम्पो ट्राफिक व्यवस्थापनका लागि नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यबस्थापन कार्यालय ईटहरीका प्रमुख प्रहरी उपरीक्षक सरोज पौडेललाई १ थान, समाजमा शान्ति सुरक्षा तथा अपराध नियन्त्रणका लागि परिचालन गर्न जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख प्रहरी उपरीक्षक नवराज कार्की, जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रमुख प्रहरी उपरीक्षक बिपिन रेग्मी र नेपाल प्रहरी बिशेष सुरक्षा गण दुहवीका प्रमुख प्रहरी उपरीक्षक नारायण प्रसाद चिमरियालाई १/१ थान हस्तान्तरण गर्नु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि खापुङले प्रहरीलाई बिद्युतिय टेम्पो प्रदान गरी सहयोग गर्नु हुने सन्थालियालाई हार्दिक धन्यवाद दिनु हुँदै उक्त बिद्युतिय टेम्पो प्रहरीले शान्ति सुरक्षा तथा अपराध नियन्त्रण र ट्राफिक व्यवस्थापनका साथै समाजमा सचेतनामुलक कार्यक्रम संचालन गर्न नियमितरुपमा प्रयोग गरीने जानकारी गराए ।

कार्यक्रममा समाजसेवी सन्थालियाले समाजमा शान्ति सुरक्षा प्रदान गर्न अहोरात्र खटिदा सुरक्षाकर्मीलाई सहजता मिलोस भनेर उक्त बिद्युतिय टेम्पो आफुले प्रदान गरेको बताउनु भयो ।

उक्त कार्यक्रममा सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारी जय नारायण आचार्य, कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरका प्रहरी वरिष्ठ उपरीक्षक जयराज सापकोटा, प्रहरी अधिकृत लगायत ट्राफिक प्रहरी कर्मचारीहरुको साथै संचारकर्मीहरुको समेत उपस्थिति रहेको थियो ।

# रैथाने जातको खाद्यान्न र फलफूलको प्रदर्शनी

**उषा सरदार**

विराटनगर । गाउँघरमा समेत रैथाने जातका खाद्यान्न बाली र फलफुल लोप हुने अवस्थामा रहेको बेला मोरङको जहदा गाउँपालिकाको एक विद्यालयले गाउँ घरमा पाउने रैथाने फलफूल, तरकारी तथा अन्नबालीको उपयोग तथा महत्वबारे जानकारी गराउन रैथाने बाली तथा पोषण सामग्री प्रदर्शनी गरेको थियो । प्रदर्शनीले रैथाने फलफूल, तरकारी तथा अन्नबालीको विषयमा जानकारी लिन पाउँदा विद्यार्थीहरुले खुशी व्यक्त गरेका थिए ।

स्थानीय स्तरमा उत्पादित सजिलै पाउने विभिन्न किसिमका रैथाने बाली तथा पोषण तत्वलाई स्थापित गर्नुको साथै महत्व बुझाउने उदेश्यले जहदा ४ स्थित सार्वजनिक माध्यमिक विद्यालयमा बाली तथा पोषण प्रदर्शनी गरेको थियो । सहयोगी हातहरुको समूह (साहस नेपाल), मेनोनाईट सेन्ट्रल कमिटी नेपाल र सार्वजनिक माध्यमिक विद्यालय जहदा ४ र सार्बजनिक बाल क्लब, जनचेतना युवा कृषक समुहको सहकार्यमा प्रदर्शनी भएको थियो ।

स्थानीय स्तरमा पाउने महत्वपूर्ण तथा लोप हुन लागेको रैथाने बालीलाई संरक्षण गर्न १ सय १२ प्रकार भन्दा बढी बाली प्रदर्शन गरेको थियो । बालबालिकाहरुको नेतृत्व बिकास गराउने उदेश्यले आफैले नेतृत्व गरेर बाली संकलन गरेर प्रदर्शनी गरेका थिए । बालबालिकाले पढेर बुझ्न नसकिने कुरालाई हेरेर सजिलै बुझ्ने सकिने भएकोले रैथाने अन्नबालीलाई प्रत्यक्ष राखेर प्रदर्शनी गरेको सार्वजनिक बाल क्लब जहदा ४ कि अध्यक्ष अन्जली कुमारी मण्डलले जानकारी गराए ।

हरियाली युवा कृषक समूह अध्यक्ष रविलाल हास्दाले लोप हुन लागेको स्थानीय उत्पादित रैथाने बस्तुको संरक्षण र पहिचान गर्ने र गराउने उदेश्यले बालबालिकाहरुले संकलन गरेको सामग्री प्रदर्शन गरेको वताए ।

हाम्रो वरपर रहेको अति उपयोगि र महत्वपूर्ण चिज बस्तुको पहिचान, प्रयोग र महत्वलाई बुझाउने उदेश्यले यो प्रदर्शनी गरेको सार्वजनिक माध्यमिक बिद्यालयको सुचना अधिकारी अजय कुमार सिंहले वताए । यसले बालबालिका लाई रैथाने जातका खाद्यान्न र फलफुलको महत्व बुझाउँदै प्रदर्शनीमा हुने सहभागीताले विद्यार्थीको नेतृत्व क्षमता विकास समेत हुने उहाँको भनाइ छ ।

साहस नेपालको शिक्षा अधिकृत गान्धी मण्डलले यस्ता प्रदर्शनीबाट प्रत्यक्ष अवलोकन गर्न पाउने भएकाले बालबालिकामा सकारात्मक प्रभाव पर्ने बताउनुभयो । प्रदर्शनीमा सार्वजनिक माबिका ५ सय भन्दा बढी विद्यार्थीले प्रत्यक्ष अवलोकन गरेका थिए ।






# मोटरसाईकल चोरीमा संलग्न एकजना पक्राउ

उदयपुर । उदयपुरको त्रियुगा नगरपालिका-१२ सोनापुरबाट मोटरसाइकल चोरीमा संलग्न १ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

गत बिहिबार सोही स्थानको एक घरमा पार्किङ गरी राखेको प्रदेश नं. १-०५-००१ प २४६० नम्बरको मोटरसाईकल चोरी भएको भन्ने खबर प्राप्त भएसगै खोजतलासमा खटिएको प्रहरी टोलीले शुक्रबार उक्त मोटरसाईकल त्रियुगा नगर पालिका-११ इनार चोक स्थित वर्कशपमा मर्मत गर्ने क्रममा फेला पारिएको थियो ।

मोटरसाईकल चोरी मा संलग्न खोटाङ दिक्तेल मझुवागढी नगरपालिका-१७ का २६ बर्षीय अर्जुन प्रधानलाई नियन्त्रणमा लिएको हो । मोटर साईकल चोरीको आरोप मा पक्राउ परेका प्रधान को सम्बन्धमा थप अनुसन्धान भईरहेको छ ।

# हरेक उत्सव हरेक मौसम, वतावरणका लागि वृक्षारोपन

**राजेश कुमार शर्मा**

बारा । १६औं गणतन्त्र दिवसको अवसरमा 'हरेक उत्सव हरेक मौसम, वतावरणका लागि वृक्षारोपण' नाराका साथ मधेश प्रदेश बारा जिल्लाको परसौनी गाउँपालिका स्थित बहुप्राविधिक शिक्षालय प्रांगणमा डिभीजन वन कार्यालय बाराले बृक्षारोपन गरेका छन् ।

उक्त वृक्षारोपन कार्यक्रमा आफ्नो मन्तव्य राख्दै वृक्ष मानव सुरेश शर्माले भने जुनसुकै तन्त्र आएपनि स्वस्थ जनशक्तीले मात्रै देश बिकास हुने र यसको लागि स्वच्छ वातावरण आवश्यक रहेकोले यो वृक्षारोपण कार्यक्रममा सहभागी प्रति आभार प्रकट गर्दे कार्यक्रममा साथ सहयोग र अवसर प्रदान सम्पूर्णमा हरित धन्यवाद व्यक्त गरेका थिए ।

गणतन्त्रमा सम्पूर्ण नागरिकको अधिकार कानुन बमोजिम तोकिएको हुन्छ र हाम्रो संविधानले स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरेको हुँदा तथाकथित भौतिक बिकास को नाममा जथाभावी वन वातावरण बिनास गर्ने छुट कसैलाई छैन र कसैले त्यस्तो गरेमा बिरोध गर्ने अधिकार नेपाली नागरिकलाई संविधानले नै प्रदान गरेको छ । त्यसैले राम्रो कामको समर्थन संगै खबरदारी गर्नुपर्नेमा वक्ताहरुले जोड दिएका थिए ।

उक्त कार्यक्रममा प्रमुख अतिथी नरेन्द्र कुमार साह, प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरे समेत सुरक्षा निकाय, राष्ट्र सेवक, स्थानीय जनप्रतिनिधि पत्रकार र नागरिक समाजको अतिरिक्त शिक्षक बिधार्थीको उपस्थिति मा वर पिपल राजवृक्ष जामुन बडहर गोल्डमोहर निम र मैगोस्टिनका गरि ५० वटा बिरुवा रोपिएको थियो ।

वृक्षा रोपन परसौनी गाउँपालिका अध्यक्ष बिनोद जैसवालको अध्यक्षता अध्यक्षतामा सम्पन्न भएको थियो ।

# जनमतको नेतृत्वमा सरकार एमाले र माओवादी तयार

जनकपुरधाम । मधेशी प्रदेशमा जनमत पार्टीको नेतृत्वमा सरकार बनाउन नेकपा एमाले र माओवादी केन्द्र सहमत भएका छन् ।

नेकपा एमाले, नेकपा माओवादी केन्द्र र जनमत पार्टीको बैठकले जनमत पार्टीको नेतृत्वमा सरकार बनाउने सहमति गरेको माओवादी नेता भरतप्रसाद साहले वताए ।

सहमतिपत्रमा एमाले संसदीय दलका नेता सरोजकुमार यादव, जनमत पार्टीका संसदीय दलका नेता महेशप्रसाद यादव र माओवादी संसदीय दलका नेता भरतप्रसाद साहको हस्ताक्षर छ ।

सरकारमा यी तीन दलसँगै एकीकृत समाजवादी र लोकतान्त्रिक समाजवादी पार्टी पनि सहभागी हुने सहमतिपत्रमा उल्लेख छ । १०७ सदस्यीय प्रदेशसभामा नेकपा एमालेको सभामुख बाहेक २४, जनमत पार्टीको १३, माओवादी केन्द्रको ९, लोकतान्त्रिक समाजवादी पार्टीको ८ र एकीकृत समाजवादीका ७ सांसद छन् ।

३० वैशाखमा नेकपा एमाले र माओवादी केन्द्रले मधेश सरकारबाट समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री सरोजकुमार यादव विश्वासको मत लिनुपर्ने अवस्थामा छन् । २१ जेठदेखि संसदको अधिवेशन आह्वान गरिएको छ र २३ जेठमा उनले विश्वासको मत लिने तयारी गरेका छन् ।

## भारतमा...

स्वाभाविक ठान्दछ । बीजेपी मुस्लिम मतप्रति न त बढी आशावादी थियो न आतंकित नै ।

भारतीय राष्ट्रिय कंग्रेसले ल्याएको चुनावी घोषणापत्रले बीजेपी अपेक्षित मत ध्रुवी करणलाई सहयोग पुऱ्याएको देखिन्छ । यसलाई चुनावी पर्यवेक्षकहरू आफ्नै सैद्धान्तिक अडानले आफ्नै शिकार गर्ने दिशामा कंग्रेस छ, भनिरहेका छन् ।

अर्को आश्चर्य के देखिन्छ भने भारतमा मुसलमान पुरुषभन्दा महिलाहरूमा आधुनिकताप्रतिको चाख बढेर गएको छ । ठूलो संख्याका मुस्लिम महिलाहरू जो वकालत, प्राध्यापन, शिक्षक, गैरसरकारी संस्था वा नागरिक समाजको कुनै निकायमा कार्यरत छन् उनीहरू हिन्दु महिला र मुस्लिम महिलाहरू बीचको सामाजिक, आर्थिक, सांस्कृतिक, मानवअधिकार जस्ता सवालको अन्तर र आर्थिक सामाजिक स्तर विन्यासको कारक खोजेर प्रसारण गरिरहेका छन् । यसले मुस्लिम समाजमा बीजेपीको रणनीतिक मताग्रह स्थापित गर्दै लगिरहेको छ ।

चुनावको यस महासंग्राममा वातावरण, जलवायु परिवर्तन, सांसारिक तापमानमा वृद्धि, प्राकृतिक र मानव उत्प्रेरित विपत् जस्ता विषय मुद्दा मानिएका छैनन् । यसका बदलामा मान्छेका मनोवैज्ञानिक आवश्यकता भाषा, धर्म, संस्कृति र सभ्यताले चुनावको नेतृत्व गरिरहेका छन् ।

भारतको चुनाव भारतीय संज्ञान र लोकतन्त्रका एथेन्स, ग्रीस हुँदै पश्चिमा वैचारिकीको शास्त्रार्थको एक महामञ्च हुन पुगेको छ । सत्य दुवैतिर छ । तर्क दुवैतिरका बलशाली छन् । चुनावले नागरिक वैचारिकी स्थापित गर्नेछ ।

सन् १९५३ मा प्रकाशित ग्रुप डाइनामिक्समा समूह गतिशीलताका विषयमा लेखिए झैं हिन्दुत्वमा आकर्षित समूहको गतिशीलताले राजनीतिक वादको संगृहीत रूप लिइसकेको छ । यो वाद बीजेपी नेतृत्वमा क्रियाशील र प्रभावकारी छ ।

भारतीय चुनावमा मतदाता मनोविज्ञानको सारभूत अध्ययन भइसकेको छ । राहा कलेज आसामका बिराज हजारिकाका अनुसार भारतीय मतदाता कुनै नेतामा करिस्माटिक (जे पनि गर्न सक्ने) क्षमता देख्छन् । सन् १९७१ मा इन्दिरा गान्धीको 'गरिबी हटाओ' नाराले उनको करिस्मा उजागर भएको थियो ।

यस्तै जात, धर्म र भाषा चुनावी नतिजाका निर्धारक हुन् । बीजेपी मात्र नभएर मुस्लिम लिग, अकाली दल र शिवसेना पनि धर्मको राजनीति गरिरहेका छन् । भारतको संविधानमा रहेको धर्म निरपेक्षतामा अडिग राष्ट्रिय कंग्रेस धर्मले ल्याउने मतान्तरको अन्तरमा सचेत देखिन्छ ।

उसले धर्मनिरपेक्षताको संवैधानिक प्रावधानमा जोड दिइरहेको छ । निरपेक्ष वा सापेक्ष भारतको चुनावमा धर्म नै मूल मुद्दा बन्न पुगेको छ । सरकार वा दलहरूको दक्षता त मत निर्धारकको सातौं संख्यामा पर्ने उनको विचार छ ।

चुनाव मतदाताहरूलाई सशक्त बनाउने उपायहरूमा भन्दा मनोवैज्ञानिक उत्तोलक जस्तो भाषा, धर्म, क्षेत्रीयतावाद आदिमा आधारित छ । मनोवैज्ञानिक कारणका आधारमा गरिने मतदानमा उम्मेदवारको आपराधिक पृष्ठभूमि पनि क्षम्य ठानिने गरेको छ । बीबीसी समाचार मा भनिएको छ- 'भारतीय मतदाताहरू उम्मेद्वारको आपराधिक विगत पनि बिर्सिदिन्छन् ।'

हिन्दु वा सनातनी संप्रेष्य राजनीतिक अवधारणाहरूको नेपालमा अनुमान गरिए जस्तो नकारात्मक प्रभाव देखिएको छैन । बरु धार्मिक एकताको संगठित नाराले विभाजित समाजमा सामूहिक वा साझा पहिचान स्थापना गर्न मद्दत गरिरहेको छ । सूक्ष्म पहिचान, द्वन्द्वको जरो कारण हुने गर्दछ । आम वा साझा पहिचान द्वन्द्व समाधानको सूत्र हुन सक्छ भनिन्छ । धार्मिक साझा पहिचानप्रति सम्मतिले आन्तरिक साना द्वन्द्वहरू आफसेआफ समाधान भएर जाने सम्भावना पनि रहन्छ भन्छन् विश्लेषकहरू । कतिपय मौलवी, मुस्लिम धर्मगुरु, नेता र प्राज्ञहरू हिन्दु पुर्खाको सन्तान हौं भन्न थालेको पाइएको छ । यसले ध्रुवीकरणको आयाम बताउँछ ।

उता इन्डिया गठबन्धनमा राहुल गान्धीको ब्रान्डेड पोस्टरमा लोकतन्त्रको आधारभूत मान्यता र लोकतन्त्रको सामाजिकीकरण को नारा अघि सारिएको छ । वैश्विक तहका प्रतिक्रिया विचार गर्ने हो भने गान्धीलाई लोकतान्त्रिक भनिएको छ र नरेन्द्र मोदीको लोकतन्त्र प्रतिको प्रतिबद्धतामा प्रश्न उठाइएको छ । भारतीय नागरिकहरू कस्तो लोकतन्त्र खोज्छन्, चुनावी नतिजाले बताउने छ ।

मुगल र बेलायती औपनिवेशिक कालमा भारतीय संस्कृति, सभ्यता र संज्ञानमाथि गरिएको दमनको प्रतिरोध प्रस्फुटित भइरहेको छ । भारतको चुनाव भारतीय संज्ञान र लोकतन्त्रका एथेन्स, ग्रीस हुँदै पश्चिमा वैचारिकीको शास्त्रार्थको एक महामञ्च हुन पुगेको छ । सत्य दुवैतिर छ । तर्क दुवैतिरका बलशाली छन् । चुनावले नागरिक वैचारिकी स्थापित गर्नेछ ।

भारतीय राष्ट्रिय कंग्रेस वा उसका सहयोगी दलहरू अम्बेडकरले निर्माण गरेको संविधानलाई भारतीय वैचारिकी मान्दछन् । धर्मनिरपेक्षता संरक्षण उनीहरूको राजनीतिक अभीष्ट र न्यायप्रतिको प्रतिबद्धता हो । तर, बाबा अम्बेडकरले नेतृत्व गरेको संवैधानिक समितिले प्रस्ताव गरेको संविधानमा धर्मनिरपेक्षता राखिएको थिएन । यो अवधारणा सन् १९७६ मा ल्याइएको हो ।

### भारतीय चुनावको नेपालमा प्रभाव

माथि भनिएको छ– आकलन कठिन छ । कि त बीजेपी कि इन्डिया गठबन्धनले चुनाव जित्छ । साना दलहरूले चुनाव जित्ने सम्भावना छैन । भारतीय मतदाताहरू सहजै चुनाव चिह्न परिवर्तन गर्छन् र मत दिन्छन् । प्रदेशस्तरमा बलिया दलहरू पनि लोकसभाको निर्वाचनमा कमजोर हुन पुग्छन् ।

त्यसको कारण के छ भने, प्रदेशस्तरीय दलहरूलाई मतदान गरेर केन्द्रीय सरकार बन्न सक्दैन भन्ने मनोविज्ञानले काम गरेको हुन्छ । यसैले भनिएको हो, भारतीय मतदाताहरू निर्वाचन चिह्नमा अडिग रहँदैनन्, आवश्यकताको सिद्धान्तलाई महत्व दिन्छन् । उदाहरणका लागि पश्चिम बंगालको विधानसभा र पश्चिम बंगालबाट लोकसभामा प्रतिनिधित्वलाई लिन सकिन्छ ।

समाजका प्रत्येक तप्का चुनावको आकलनमा व्यस्त छन् र राजनीतिक वैचारिकी अनुसार नतिजाको अपेक्षा गरिरहेका छन् । भारतमा बीजेपीले फेरि चुनाव जित्ने र सरकार बनाउने कुरामा कुनै द्विविधा छैन । भारतीय समाज हिन्दुत्व वा सनातनप्रति मुखर भएर आइरहेको छ, भारतमा सनातनी वा हिन्दु चुनावी माहोल तयार भएको छ । चुनावी मनोविज्ञानका अध्येताहरू पनि भारतमा मनोवैज्ञानिक पक्ष नै हावी हुने तर्क गरिरहेका छन् । जागृत सनातनी मनोविज्ञानले भारतको सभ्यता, इतिहास, संस्कृति, आचरण, प्रवृत्ति र चरित्रहरूमाथि बढी ध्यानाकर्षण भएको छ ।

जर्ज एच स्याबिन र थोमस एल थोर्सोनले 'अ हिस्ट्री अफ पोलिटिकल थ्यौरी'मा 'पोलिटिकल थट विफोर प्लेटो' शीर्षकमा राजनीतिक इतिहास खोतलेका छन् । सनातन दर्शनमा राजनीतिलाई व्यक्तिका नैतिक मूल्यको कसीमा विवेचना गरिएको छ र त्यो 'राजनीति विफोर प्लेटो' पनि हो । आजको भारतमा पुरानो दर्शनका अध्यायहरूमा नयाँ तवरले विशद् विवेचना हुन थालेको छ ।

नेपालले भारतीय चुनाव त्यसले स्थापना गर्ने दार्शनिकी वा वैचारिकी, त्यो वैचारिकी वा दार्शनिकीको प्रसारणका प्रभावहरूमा ध्यान दिनु श्रेयस्कर हुनेछ । ३१ मार्च २०२३ को न्यूज १८ को अनलाइन संस्करणमा 'विक्रम संवत् किन भारतको राष्ट्रिय पात्रो हुन सकेन ?' शीर्षकमा लामो रिपोर्टिङ छापिएको छ । विक्रम संवत् २०८० को नयाँ वर्षमा प्रधानमन्त्री नरेन्द्र मोदीले भारतीय देशवासीलाई दिएको शुभकामनालाई आगामी दिनको संकेत भन्ने अर्थ लाग्ने गरी त्यहाँ न्युज छापिएको छ । यसले पनि परिवर्तनको संकेत देखाउँछ । अनलाईन खबरबाट ।

# अनियमित विद्युत आपुर्ति प्रति संघको आपति

विराटनगर । नेपालका सबै जसो औद्योगिक कोरिडोरका उद्योगहरुले विगत केहि महिना देखि खेप्नु परिरहेको अघोषित तथा अनियमित विद्यूत कटौतिका वावजूद नेपाल विद्यूत प्राधिकरणले भारतलाई विद्यूत निर्यात गर्न थालेको भन्ने विभिन्न सञ्चार माध्यमहरु बाट प्राप्त समाचार प्रति मोरंग उद्योग व्यापार संघको गम्भिर ध्यानाकर्षण भएको छ ।

नेपाल विद्यूत प्राधिकरणले विगत केहि महिना देखि स्वदेशी उद्योगहरुको आवश्यकता अनुरुप विद्यूत आपूर्ति गर्न नसकिरहेको तथा उद्योग संचालन अवरुद्ध हुने गरी अघोषित तवरले दिनहुँ १२ घण्टा सम्मको लोडसेडिङ गरिरहेकोमा गत सोमबार देखि प्राधिकरणले ४०० मेघावाट विद्यूत भारत निर्यात गरिरहेको भन्ने समाचार आश्चर्यजनक भएको विज्ञप्तीमा उल्लेख छ ।

विद्यूत आपूर्ति अभावमा एकातर्फ स्वदेशी उद्योगहरु पूर्ण रुपमा संचालन हुन नसकिरहेको, स्वदेशी उत्पादकत्वमा ह्रास आएको तथा उत्पादित वस्तुहरुको अभावमा महंगी बढेको अवस्था छ भने अर्को तर्फ सरकार स्वदेशी उद्योगहरुको हकहित, संरक्षण एवं सम्वर्द्धनका निमित्त विभिन्न नीतिहरु र संयन्त्रहरु अपनाउन प्रयत्नशील रहेको छ ।

तथापी, स्वदेशी उद्योगहरुलाई आवश्यकता अनुरुपको विद्यूत आपूर्ति नगरी तथा अघोषित लोडसेडिङको मारमा राखी नेपाल विद्युत प्राधिकरणले 'आन्तरिक खपत पश्चात् बचत भएका विद्यूत भारत निर्यात गर्न थालेको' भन्ने भ्रमपूर्ण जानकारी दिनुबाट प्राधिकरणलेस्वदेशी उद्योगहरु प्रति अन्यायगरेको संघको ठहर रहेको छ ।

अत : मुलुकको उत्पादकत्व एवं आत्मनिर्भरता अभिवृद्धि तथा स्वदेशी उद्योगहरुको संरक्षणार्थ नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण लगायत सम्बन्धित सबै निकायहरु समक्ष विद्यूतको स्वदेशी खपत तथा आवश्यकता परिपूर्तिमा विशेष ध्यान दिएर मात्र बाँकी रहेको विद्यूतको निर्यात गर्न जोडदार अपिल गरेको छ ।

**सूचना सूचना सूचना**

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

**सडक डिभिजन कार्यालय**
**विराटनगर, कोशी प्रदेश**

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

**डढेलोबाट बचौं र बचाऔं ।**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील बस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्ने पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसंग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

**धनपालथान गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, मोरंग, कोशी प्रदेश**